Total No. of Printed Pages—8

**X/24/N**

**2 0 2 4**

# NEPALI

( INDIAN LANGUAGE )

**( FOR CANDIDATES WITH INTERNAL ASSESSMENT )**

*Full Marks* : 80
*Pass Marks* : 24

**( FOR CANDIDATES WITHOUT INTERNAL ASSESSMENT )**

*Full Marks* : 100
*Pass Marks* : 30

*Time* : 3 hours

**( FOR ALL CATEGORIES OF CANDIDATES )**

*General Instructions* :

(i) The candidates are advised to attempt all questions accordingly.

(ii) Marks allocated to every question are indicated against each.

(iii) Question Nos. **1** to **13** are to be answered by all **Candidates**.

(iv) Question Nos. **14** and **15** are to be answered only by **Candidates without Internal Assessment**.

**1.** कुनै **दुई** प्रश्नहरूका उत्तर लेख : 7×2=14

(क) डा॰ पारसमणि प्रधान को हुन्? उनको प्राथमिक शिक्षा कुन पाठशालाबाट शुरू भएको थियो? उनले लेखेका पुस्तकहरूको प्रचार-प्रसार कहाँ-कहाँ भएको छ? लेख।

(ख) किन बाबुको इच्छा अल्झिरहेको छ? 'अल्झेको इच्छा' कथा-अनुसार वर्णन गर।

(ग) बद्रीनाथ भट्टराई को हुन्? उनले लेखेको निबन्धमा दाजुले आफ्नो छात्रजीवनमा पाएका अनुभव भाइलाई कसरी बताएका छन्? लेख।

(घ) 'परिबन्द' कथा लेख्ने लेखक को हुन्? उनको कथामा रने परिबन्दमा पर्नुको कारण के हो? वर्णन गर।

**2.** दुई वा **तीन** वाक्यमा उत्तर लेख (कुनै **तीन**) : 2×3=6

(क) लाहुरे र रनेको बीचमा किन झगडा परेको थियो?

(ख) श्रीकृष्णका दाजूको नाम के हो? उनको हातमा सधैं के हुन्थ्यो?

(ग) राजा जनकले आफूलाई किन धन्य सम्झन्थे?

(घ) चार्ली च्यापलीन को हुन्? उनले मानिसहरूलाई कसरी हसाउँथे?

(ङ) 'सय रुपियाँको नोट' पाठका लेखक को हुन्? यो पाठको सबैभन्दा चर्चित पात्र को हो?

**3.** **एक–दुई** शब्द वा वाक्यमा उत्तर लेख (कुनै **पाँच**) : 1×5=5

(क) 'अल्झेको इच्छा' कथामा आमाले छोरोलाई के बनाउन खोजेकी छन्?

(ख) भाग्यमणि नेवार र लक्ष्मीमाया कसका अभिभावक हुन्?

(ग) आधुनिक शिक्षामा देखापरेका अवगुण के हुन्?

(घ) द वुमेन अफ प्यारिस, द गोल्ड रश, द सर्कस्, द ग्रेट डिक्टेटर आदि प्रमुख मूक चलचित्रहरूका निर्माणकर्ता वा अभिनय गर्ने चर्चित व्यक्ति को हुन्?

(ङ) धेरै अनुकरण शब्दको विशेषता कुन भाषामा देखिन्छ?

(च) 'परिबन्द' कथामा रनेलाई के दोष लाग्यो?

(छ) कसको अनुपस्थितिमा चार्ली च्यापलीनले मञ्चमा पहिलो पल्ट अभिनय गर्ने मौका पाए?

**4.** सप्रसंग व्याख्या गर : 5×2=10

(क) 'कस्तो छ आज' भन्यो तर कसैले पनि उत्तर दिएन। डाक्टरले रबरको नली लगाएर हेरे अनि अँध्यारो मुख लगाएर भने—''पन्द्र मिनट अघि नै प्राण गइसकेछ।''

**अथवा**

बाल्यावस्थामा एक-एक पैसाका निम्ति तडपिएका चार्लीलाई अहिले रुपियाँ पैसा असारको झरी जस्तै ओइरिन थाल्यो।

(ख) वर्षाको प्रचुर जलधाराले जल-प्रपात त्यो बढ्दो हो
शिशिरको त्यो शुष्क जीवनमा मृतप्राय जलधारा झर्दो हो।

**अथवा**

तर छैन कतै बिराएर ढुङ्गामा पनि खोपिएको तिम्रा पुर्खाको इतिहास यहाँ।

**5.** सारांश लेख (कुनै **एक**) : 5

(क) गरीब—लक्ष्मीप्रसाद देवकोटा

(ख) गौंथलीको चिरिविरि—लेखनाथ पौड्याल

(ग) भानुभक्तप्रति—बालकृष्ण सम

**6.** **दुई** वा **तीन** वाक्यमा उत्तर लेख (कुनै **दुई**) : 2×2=4

(क) कर्त्तव्यले कसरी अधिकार ल्याउँछ?

(ख) स्वीट फल्स कहाँ छ? कवि यो फल्स हेर्न किन उत्सुक देखिन्छन्?

(ग) 'स्वीट फल्स' कविता-अनुसार झरना र मानिसको जीवनमा के समानता छ?

(घ) भानुभक्त को हुन्? उनले 'रामायण' कस्तो ठाँउमा बसेर लेखे?

**7.** **एक** शब्द वा वाक्यमा उत्तर लेख (कुनै **चार**) : 1×4=4

(क) भौतिक सम्पत्ति भनेको कस्तो सम्पत्ति हो?

(ख) अपराध कसरी भाग्छ?

(ग) स्वीट फल्स झरनाको वरिपरि धेरै फूलहरू फुल्दछन् यी फूलहरूमध्ये एउटा विशेष फूलको वर्णन पाइन्छ त्यो फूलको नाउँ के हो?

(घ) 'गौंथलीको चिरिविरि' कविता-अनुसार गौंथलीको गुँड कहाँ छ?

(ङ) कृष्णप्रसाद ज्ञवालीद्वारा लिखित कविता हाम्रो पाठ्यपुस्तकमा समावेश गरिएको छ। यो कविताको नाउँ के हो?

(च) भानुभक्तले आफ्नो मीठो गीत कुन पुस्तकमा गाएका छन्? लेख।

**8.** भावविस्तार गर (कुनै **एक**) : 3

(क) घाँटी हेरी हाड निल्नु

(ख) इन्द्रको अगाडि स्वर्गको कुरा

(ग) नाच्न जान्दैन आँगन टेढो

**9.** थोरै शब्द वा वाक्यमा उत्तर देऊ (कुनै **पाँच**) : 1×5=5

(क) लैनसिंह वाङ्देल को हुन्?

(ख) को-को लक्ष्मीपूजा हेर्न दार्जीलिङ्ग शहर गए?

(ग) बिहानको मीठो घाममा बाहिर गलैंचा ओछ्याएर बस्ने मानिस को हुन्?

(घ) रत्नाको लोग्ने हिन्दूजातिको कुन चाडमा मरेको थियो?

(ङ) सानीलाई मनपराउने नन्द कुनचाहिँ हो?

(च) 'माइतघर' उपन्यास कुन गाउँसित सम्बन्धित छ?

(छ) सानीलाई धेरै मनपराउने महिला को हुन्?

**10.** रत्ना र सुबेदारनी-को परिचय दिँदै तिनीहरूलाई कस्तो विपदले छोपेको थियो, वर्णन गर। 5

**अथवा**

हरि र सानी को हुन्? तिनीहरूले आफ्नो बाल्यकाल कसरी बिताउँथे? लेख।

**11.** निम्नलिखित निर्देश–अनुसार उत्तर लेख :

(क) विपरीत शब्द लेख (कुनै **दुई**) : ½+½=1

रसिलो; झुल्कनु; लेख्नु; झोपडी।

(ख) स्त्रीलिङ्ग बनाऊ (कुनै **दुई**) : ½+½=1

गायक; नायक; गोरु ; पुरुष।

(ग) पर्यायवाची शब्द लेख (कुनै **दुई**) : ½+½=1

चन्द्र; पृथ्वी; सूर्य; प्रेम।

(घ) भाववाचक संज्ञा बनाऊ (कुनै **दुई**) : ½+½=1

सफल; सुन्दर; भन्; नौलो।

(ङ) तलका तुक्काको अर्थ लेख (कुनै **दुई**) : ½+½=1

मुख लुकाउनु; आँखा खुल्नु; धूम मचाउनु; बसाइँ सर्नु।

(च) विशेषण बनाऊ (कुनै **दुई**) : ½+½=1

रस; स्वाद; दिन; विदेश।

**12.** निम्नलिखित अनुच्छेद पढेर सोधिएका प्रश्नहरूको उत्तर लेख :

मोतीराम भट्ट हुने बिरुवाका चिल्ला पात भने जस्तै अत्यधिक प्रतिभाशाली विद्यार्थी थिए। काशीमा पढ्दा कविता रचेको देखेर हिन्दी भाषाका प्रख्यात लेखक भारतेन्दुले मोतीरामको मुग्धकण्ठले प्रशंसा गरेका थिए। त्यहाँ मोतीराम भट्टले अनेक भाषाहरू सिके जस्तै अंग्रेजी, हिन्दी र उर्दू। मोतीरामले कलकत्ता विश्वविद्यालयबाट एफ० ए० (आइ० ए० अर्थात् इन्टरमिडिएट आर्ट्स) परीक्षामा सफलता पाएका थिए। नेपाली भाषामा प्रकाशित भएको पहिलो पत्रिका 'गोर्खा भारत जीवन' हो। यसका सम्पादक मोतीराम भट्ट थिए। उनले तनहुँमा कवि भानुभक्तको रामायण फेला पारी छपाए। मोतीराम भट्टले भानुभक्तका कृतिहरू छपाएर नेपाली जातिलाई लगाएका गुणको जति प्रशंसा गरे पनि कम्ति हुन्छ। उनीपनि कम प्रतिभाशाली थिएनन्। उनले कविता रचे, नाटक लेखे, पत्रिका सम्पादन गरे। उनले कैयौं नाटक पनि अनुवाद गरे। यस्ता जाँगर र जोश भएका हाम्रो भाग्यले पाएका साहित्यकार तीस वर्षको उमेरमा परलोक सिधारे।

**प्रश्नहरू :**

(क) मोतीराम भट्ट कस्ता विद्यार्थी थिए? 1

(ख) उनले कुन विश्वविद्यालयबाट एफ॰ ए॰ परीक्षा पास गरेका थिए? 1

(ग) नेपाली भाषामा प्रकाशित भएको पत्रिकाको नाउँ के हो? 1

(घ) भानुभक्तले लेखेको रामायणको पाण्डुलिपिलाई मोतीराम भट्टले के गरे? 1

(ङ) मोतीराम भट्टले साहित्यिक क्षेत्रमा के-के गरे? 1

**अथवा**

शिलाङको सुन्दरताको विषयमा वर्णन गर्दै दार्जीलिङमा बस्ने एउटा मित्रलाई चिठी लेख। 5

**13.** निबन्ध लेख (कुनै **एक**) : 8

(क) तिमीलाई मनपर्ने कुनै एउटा खेल

(ख) हाम्रो चाड दशैं-त्योहार

(ग) परिश्रम

(घ) मुबाइल फोनको उपयोगिता

(ङ) समयको सदुपयोग

**[ For Candidates Without Internal Assessment ]**

( *Marks* : 20 )

**14.** (क) अति संक्षेपमा उत्तर लेख (कुनै **पाँच**) : 1×5=5

*(i)* बाँसको फितक्यौली बनाएर परेवा हान्ने केटोको नाउँ के हो?

*(ii)* चार्ली च्यापलीन कहाँका नागरिक हुन्?

*(iii)* लक्ष्मीपूजाको दिनमा मर्ने मानिस कसको बाबु हो?

*(iv)* डिपुमा काम गर्ने मानिस कसको लोग्ने हो?

*(v)* ढिकीच्याउ किरा कुन पाठमा उल्लेख गरिएको छ?

*(vi)* खाएको बिख पोलाग्छ, नखाएको बिखभन्दा के बुझिन्छ?

*(vii)* उर्लंदो सभ्यताको देन के हो?

(ख) कोष्ठकबाट सही शब्द छानी वाक्य पूरा गर (कुनै **पाँच**) : 1×5=5

*(i)* राप्ती नदीनेर पक्रिने मान्छे (रूपलाल/रने) हो।

*(ii)* चेतनारायण जोशीले लेखेको पाठ (कथा/निबन्ध) हो।

*(iii)* सानी र रत्ना सुबेदारनीको घरमा (13/15) वर्षपछि फर्केर आए।

*(iv)* अधिकार (अपराध/कर्त्तव्य) गर्नाले पाइन्छ।

*(v)* वायु-को अर्थ (समीर/आकाश) हो।

*(vi)* (डा॰ पारसमणि प्रधान/गोपीनारायण प्रधान) दार्जीलिङको पुदुङ पाठशालाबाट प्राथमिक शिक्षा शुरू गर्ने व्यक्ति हुन्।

*(vii)* सुनाखरी फूलफुल्ने छाँगोको नाउँ (मौसमाई फल्स/स्वीट फल्स) हो।

**15.** (क) थोरै शब्दमा उत्तर लेख (कुनै **पाँच**) : 1×5=5

*(i)* रनेको पूरा नाउँ के हो?

*(ii)* लक्ष्मीप्रसाद देवकोटाले लेखेको कविताको नाउँ के हो?

*(iii)* इञ्जिनीयर बनाउन खोज्ने को हुन्?

*(iv)* 'शिक्षाको उद्देश्य' निबन्धमा शिक्षाका मार्गहरू कति बताइएको छ?

*(v)* कसको घरमा काम गर्ने मानिस बर्मा जाने भयो?

*(vi)* मातृभाषा भनेको कुन भाषा हो?

*(vii)* सानी कुन खोलाको पुलबाट अपहत्ते गर्न चाहन्थी?

(ख) खाली ठाउँ भर (कुनै **पाँच**) : 1×5=5

*(i)* नाम वा सर्वनामको गुण जाहेर गर्ने शब्दलाई _____ भनिन्छ।

*(ii)* क्रियाले नाम वा सर्वनामले गरेको _____ बुझाउँछ।

*(iii)* 'भानु'-को शाब्दिक अर्थ _____ पनि हो।

*(iv)* 16 अप्रिल, _____ मा॰ चार्ली च्यापलीनको जन्म लण्डनमा भए हो।

*(v)* 'पाताल' शब्दको उल्टो शब्द _____ हो।

*(vi)* 'भानुभक्त प्रति' कविता रचयिता _____ हुन्।

*(vii)* सानीलाई मन पराउने _____ नन्द हो।

★★★